# कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश, २०४०

नेपाल राजपत्रमा प्रकाशन मिति

२०४०।७।१४

**संशोधन**

| | |
|---|---|
| कान्ति बाल अस्पताल विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५४ | २०५४।४।३० |
| कान्ति बाल अस्पताल विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०५७ | २०५७।१२।१६ |

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "कान्ति बाल अस्पताल विकास समिति (गठन) आदेश २०४०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "अस्पताल" भन्नाले कान्ति बाल अस्पताल सम्झनु पर्छ ।

३. **समितिको गठन** : (१) कान्ति बाल अस्पताल विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

[१](२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन् :-

| | | |
|---|---|---|
| (क) | नेपाल सरकारद्वारा मनोनीत व्यक्ति | अध्यक्ष |
| (ख) | लब्ध प्रतिष्ठित समाजसेवीहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनित दुइजना | सदस्य |
| (ग) | प्रतिनिधि, (राजपत्राङ्कित द्वितीय श्रेणी) स्वास्थ्य मन्त्रालय | सदस्य |

नेपाल कानून आयोग

[१] दोस्रो संशोधनद्वारा संशोधित ।

(घ) समितिको सिफारिसमा नेपाल सरकारद्वारा मनोनीतः

(१) कन्सल्टेण्ट चिकित्सकहरूमध्येबाट एक एक वर्षको लागि आलोपालो गरी दुई जना — सदस्य

(२) पारामेडिकल र नर्सिङ स्टाफहरूमध्येबाट क्रमअनुसार एक एक वर्षको लागि आलोपालो गरी एक जना — सदस्य

(ङ) मेट्रोन, कान्ति बाल अस्पताल — सदस्य

(च) निर्देशक, कान्ति बाल अस्पताल — सदस्य सचिव

(३) उपदफा (२) को [२]खण्ड (क) र (ख) बमोजिम मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) नेपाल सरकारले आवश्यक ठानेमा [३]............नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरू थपघट वा हेरफेर गर्न सक्नेछ ।

(५) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : (१) विभिन्न क्षेत्रबाट चन्दा वा सहायता उपलब्ध गराई अस्पताको चिकित्सास्तर र सेवामा अभिबृद्धि गरी अस्पताललाई स्वावलम्वी बनाई अस्पतालको विकास गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित कर्तव्य पालनको लागि देहायका कामहरू गर्न सक्नेछ ।

(क) अस्पतालको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।

(ख) अस्पतालको विस्तार, निर्माण र मर्मत गर्ने ।

नेपाल कानून आयोग

---

[२] दोस्रो संशोधनद्वारा संशोधित ।

[३] दोस्रो संशोधनद्वारा झिकिएको ।

(ग) अस्पतालको सेवाको सुधार र विस्तारका लागि आवश्यक साधन र सुविधाको व्यवस्था गर्ने ।

[४](घ) अस्पतालको लागि आवश्यक प्राविधिक तथा प्रशासनिक पद सृजना गरी त्यस्तो पदमा समितिले आफ्नै स्रोतबाट तलब भत्ता दिने गरी कर्मचारी नियुक्त गर्ने तथा आवश्यकता अनुसार नेपाल सरकार वा त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानको सेवामा कार्यरत कर्मचारीहरूलाई काजमा लिने ।

(ङ) नेपाल सरकारको स्वीकृति लिई अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट सहायता प्राप्त गर्ने ।

(च) बाल स्वास्थ्य तालीम कार्यक्रम संचालन गर्ने र सो कार्यक्रममा आवश्यक सहयोगको लागि चिकित्सा शास्त्र अध्ययन संस्थानलाई अनुरोध गर्ने ।

(छ) बहिरङ्ग (आउट पेसेन्ट) चिकित्सा सेवा तथा प्रयोगशाला र अन्य सेवा शुल्क निर्धारण गर्ने ।

(ज) निःशुल्क तथा शुल्क लाग्ने शैयाहरूको संख्या र त्यसको शुल्कको दर निर्धारण गर्ने ।

(झ) अस्पताल संचालन सम्बन्धित विशेषताहरूमा समितिले सिफारिस गरेका उम्मेदवारहरूलाई उच्च तालीमको निमित्त ग्राह्यता दिन नेपाल सरकारलाई अनुरोध गर्ने ।

(ञ) अस्पतालको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

(ट) उपरोक्त कामहरूको कार्यान्वयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

५. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक समितिका अध्यक्षले तोके बमोजिम बस्नेछ ।

---

[४] पहिलो संशोधनद्वारा संशोधित ।





नेपाल कानून आयोग

(२) समितिको एक तिहाई सदस्यहरूले बैठकको लागि लिखित माग गरेमा समितिको सदस्य-सचिवले बैठक बोलाउनु पर्नेछ ।

(३) समितिको अध्यक्षको पद रिक्त रहेको अवस्थामा वा अध्यक्षको अनुपस्थितिमा समितिको सदस्य सचिवले समितिको बैठक आवश्यकता अनुसार बोलाउन सक्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको सदस्यहरूले छानेका व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ  र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(९) कम्तीमा वर्षको तीन (३) पटक समितिको बैठक बस्नु पर्नेछ ।

६. <u>**समितिको कोष**</u> : (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) नेपाल सरकारबाट तलब भत्ताको लागि प्राप्त रकम ।

(ख) नेपाल सरकारबाट अस्पताल संचालनको लागि प्राप्त अनुदान रकम ।

(ग) अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(घ) अस्पतालले प्रदान गरेको विभिन्न सेवाबाट प्राप्त रकम ।

(ङ) विभिन्न व्यक्तिहरूबाट प्राप्त रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

तर नेपाल सरकार विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रममा खर्च गरिनेछ ।

नेपाल कानून आयोग

(२) समितिको कोषको संचालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

७. **लेखापरीक्षण** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

८. **कर्मचारी सम्बन्धी विशेष व्यवस्था** : (१) अस्पतालको दरबन्दीमा काम गरिरहेका नेपाल सरकारको कर्मचारी समितिको निर्देशनमा काम गर्ने छन् र निजहरूले समितिबाटै तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

(२) अस्पतालका नेपाल सरकारका प्राविधिक वा प्रशासनिक कर्मचारीलाई नेपाल सरकारले अन्यत्र काज खटाउनु परेमा वा सरुवा गर्नु परेमा समितिलाई जानकारी दिई गर्नु पर्नेछ ।

(३) अस्पतालका रहेका नेपाल सरकारको प्राविधिक वा प्रशासनिक कर्मचारीहरूको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारवाही तथा सजाय नेपाल सरकारको नियम अनुसार हुनेछ ।

(४) अस्पतालका नेपाल सरकारका कर्मचारीलाई निजले अस्पतालमा विशेष सेवा प्रदान गरे बापत समितिले विशेष भत्ता दिन सक्नेछ ।

(५) अस्पतालका नेपाल सरकारका कर्मचारीलाई सरुवा वा फिर्ता गर्नु परेमा सो गर्न परेको स्पष्ट कारण खुलाई र विभागीय कारवाही गर्नु परेमा सो कर्मचारीउपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरा र कारणहरूमा आधारित छ सो स्पष्ट खुलाई समितिले नेपाल सरकार समक्ष सिफारिस पेश गर्नु पर्नेछ ।

(६) अस्पतालका नेपाल सरकारका कर्मचारीलाई अध्ययन विदा विशेष विदा र असाधारण बिदा बाहेक अरू नियम अनुसार पाउने बिदा समितिले दिन सक्नेछ ।

[५](७) समितिका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवा का अन्य शर्तहरू समितिले बनाएको नियममा तोकिएबमोजिम हुनेछ ।

---

५ पहिलो संशोधनद्वारा थप ।

९. **अधिकार प्रत्यायोजन** : समितिले आवश्यकता अनुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उपसमिति वा कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **नियम बनाउने अधिकार** : समितिले आफ्नो कार्य संचालनका लागि नेपाल सरकारको स्वीकृति लिई नियमहरू बनाउन सक्नेछ ।

११. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग मार्फत राख्नु पर्नेछ ।

१२. **निर्देशन दिने** : नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ ।

१३. **समितिको कार्यालय** : समितिको प्रधान कार्यालय काठमाण्डौं, कान्ति बाल अस्पतालमा रहनेछ ।

१४. **संशोधन** : काठमाडौं, भक्तपुर र ललितपुर अस्पताल विकास समिति (गठन) आदेश, २०३४ को अनुसूचीबाट कान्ति बाल अस्पताल झिकिएको छ ।

नेपाल कानून आयोग